**भरतपुर महानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, भरतपुर, चितवन**

**शैक्षिक प्रशासन महाशाखा**

## कक्षा ११ मा छात्रवृत्तिका लागि आवेदन पेस गर्ने सम्बन्धी सूचना

प्रकाशित मितिः२०७८।०५।१३

शैक्षिक सत्र २०७८ मा भरतपुर महानगरपालिका अन्तरगतका संस्थागत विद्यालय/सामुदायिक क्याम्पसमा कक्षा ११ मा अध्ययनरत वा अध्ययन गर्न चाहने विद्यार्थीहरुलाई भरतपुर महानगरपालिका छात्रवृत्ति व्यवस्थापन कार्यविधि २०७५ (प्रथम संसोधन २०७८) को दफा ५ को उपदफा ३ (१) बमोजिम छात्रवृत्ति प्रदान गर्न विद्यार्थी छनौटका लागि इच्छुक विद्यार्थीहरुबाट सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र (मिति २०७८ भाद्र २७ गते बेलुका ५:०० बजेभित्र) देहायका कागजातसहित अनलाइन आवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ। यस महानगरपालिकाको वेबसाइट www.bharatpurmun.gov.np मा गई आवेदन फारमको लिङ्क https://docs.google.com/forms/d/e/1FAIpQLSeRYvpT8oshc_-OuzRtvZGqo8s2iAYhS_rtDYAH5_wb4tMsWA/viewform मा मागिएका पूरा विवरण भरी पेश गर्नुपर्नेछ।साथै आवेदन फारमसाथ देहायका कागजात अनिवार्यरुपमा अपलोड गर्नुपर्नेछः

१ SEE को ग्रेडसिट।

२ अपाङ्गता भएका विद्यार्थीको हकमा अपाङ्गता परिचयपत्र।

३ आदिवासी, जनजाति र दलित विद्यार्थीको हकमा जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित कागजात।

४ सहिदका सन्तति, जनआन्दोलनका घाइतेका सन्तति, वेपत्ता परिवारका सन्तति र मधेस आन्दोलनका घाइतेका सन्ततिको हकमा जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित कागजात।

५ गरिब तथा विपन्न कोटामा आवेदन दिन सम्बन्धित वडाबाट विपन्न परिवारको सदस्य भएको सिफारिस पत्र।

शैक्षिक प्रशासन महाशाखा
भरतपुर महानगरपालिका